आज मिति २०८३ असार ०५ गते विहान ८.०० बजे यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक वसि निम्न निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि बहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष बहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम बहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री रामबाबु पौडेल |

आमन्त्रित

| | | |
|---|---|---|
| १. | कार्यवाहक वडा अध्यक्ष | श्री राजेन्द्र प्रसाद सिलवाल |
| २. | लेखा अधिकृत | श्री दुतेन्द्र चाम्लिङ |
| ३. | शाखा अधिकृत | श्री परशुराम घिमिरे |
| ४. | इन्जिनियर | श्री प्रकाश सिलवाल |

निर्णय नं. १

गाउँ कार्यपालिकाको यस अघिका बैठकमा भएका निर्णयहरुको समीक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

बेनीघाट आधारभूत अस्पताल स्तरउन्नतीको लागि यस गाउँपालिका र लायन्स डिस्ट्रिक ३२५ एल बीच भएको साझेदारी सम्झौता अनुसार यस गाउँपालिकाले दाखिला गर्न बाँकी रहेको रकम रु ९,१०,९७६।- अक्षरेपी नौ लाख दश हजार नौ सय छैहत्तर मात्र संयुक्त खातामा दाखिला गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

बेनीघाट रोराङ गाउँपालिका आर्थिक विधेयक, २०८३ स्वीकृत गरी गाउँसभा समक्ष पेश गर्न सैदान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

बेनीघाट रोराङ गाउँपालिका विनियोजन विधेयक, २०८३ स्वीकृत गरी गाउँसभा समक्ष पेश गर्न सैदान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

बेनीघाट रोराङ गाउँपालिकाको मध्यावति खर्च संरचना (आ.व. २०८२/०८३- ०८४/०८५), आ.व. २०८३/०८४ को बजेट, योजना तथा कार्यक्रम स्वीकृत गरी गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

बेनीघाट रोराङ गाउँपालिकाको देहायका समितिहरुको प्रतिवेदन गाउँसभा समक्ष पेश गर्न सैदान्तिक सहमति प्रदान गरियो ।

१. न्यायिक समितिको प्रतिवेदन, २०८३

२. विषयगत समितिहरुको प्रतिवेदन, २०८३

३. अनुगमन समितिको प्रतिवेदन, २०८३

निर्णय नं. ७

संघीय समपुरक कार्यक्रम तर्फ प्रास आयआर्जन सुधारका लागि कृषि तथा पशु विकास कार्यक्रम कार्यान्वयनको सिलसिलामा पाठी तथा पाडी ८०/२० प्रतिशत लागत साझेदारीमा वितरण गर्ने गरी निर्णय भए अनुसार कृषकहरुबाट २० प्रतिशत साझेदारी मध्ये पाडीको प्रतिगोटा रु २०००।- र पाठीको प्रतिगोटा रु ५००।– का दरले जम्मा २२५ गोटा पाठी र ५७३ पाडीको रकम विविध खर्च खातामा संकलन भई ठेका प्रकाशन भएकोमा २ पटकको ठेक्कामा समेत कसैबाट बोलपत्र दाखिला नभएकोले कृषकहरुबाट संकलन गरी दाखिला भएको रकम १२,५८,५००।- सम्वन्धित कृषकलाई फिर्ता गर्ने निर्णय गरियो ।

बेनीघाट रोराङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बिशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

निर्णय नं. ८

यस कार्यालयको सूचना तथा संदेशहरु प्रकाशन र प्रशारण गरेका देहायका सञ्चार माध्यमलाई देहायको रकम भुक्तानी दिने निर्णय गरियो ।

| सि.नं. | संचार माध्यय (संस्था) | रकम | कैफियत |
|---|---|---|---|
| १. | सि.एस.टि. मिडिया प्रा.लि., बेनीघाट रोराङ १ | ३०००० | |
| २. | आशिष मिडिया नेटवर्क प्रा.लि., धादिङ | १५००० | |
| ३. | नेपालपथ नेटवर्क, धादिङ | १९९०० | |
| ४. | शुभ खवर प्रा.लि., धादिङ | १९५०० | |
| ५. | गुराँस मिडिया हाउस, धादिङ | १९५०० | |
| ६. | आर.आर. मिडिया हाउस, धादिङ | १९९०० | |
| ७. | पैरवी मिडिया हाउस, धादिङ | १५००० | |
| ८. | दिब्य त्रिकोण मिडिया हाउस, धादिङ | १३५०० | |

निर्णय नं. ९

यस गाउँपालिका वडा नं. ३ ओर्बाङमा सिमान्तकृत चेपाङ समुदायको बसोवास रहेको र सो गाउँमा खानेपानिको समस्या भई लिफ्टबाट खानेपानी ब्यवस्था भएकोमा हाल उक्त खानेपानी आयोजनाको विद्युत महशुल भुक्तानी हुन नसकी महशुल भुक्तानीको लागि सिफारिस भई आएकोले कार्यालयको पानी तथा विजुली महशुल शिर्षकमा स्वीकृत रकमबाट कट्टा गरी उक्त ओर्बाङ बेनीघाट बाहुनटार खानेपानी उपभोक्ता समितिको विद्युत महशुल बापत विद्युत प्राधिकरणलाई रु १३९६३२।- अक्षरेपी एक लाख उनान्चालिस हजार छ सय बत्तिस मात्र भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १०

यस गाउँपालिकामा सञ्चालन भएको अन्तर पालिका T 20 क्रिकेट प्रतियोगितामा भएको होटलबास खर्च भुक्तानीको लागि सहयोग माग भई आएकोले संचित कन्टिजेन्सी कट्टा रकमबाट रु ९३०००।- भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११

जिल्ला प्रहरी कार्यालय धादिङबाट सवारी मर्मतको रकम भुक्तानीको लागि अनुरोध भई आएकोले उक्त जिल्ला प्रहरी कार्यालय धादिङको पिकअप भ्यान मर्मत बापतको रकम मध्ये रु ८०,०००।- अक्षरेपी असी हजार रुपैया मात्र भुक्तानी दिने निर्णय गरियो ।

बेनीघाट रोराङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल